# सूर्योदय नगरपालिकाको सवारी तथा यातायात व्यवस्थापन ऐन, २०७६ लाई प्रतिस्थापन गर्न बनेको विधेयक, २०८२ (मस्यौदा)

**प्रस्तावना:** सूर्योदय नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने सम्पूर्ण सवारीसाधन तथा यातायात व्यवस्थापन कार्यलाई सुव्यवस्थित गर्दै सर्वसाधारणका लागि सुरक्षित, भरपर्दो, सर्वसुलभ, गुणस्तरीय, विश्वसनीय र वातावरणमैत्री यातायात सेवाको सुनिश्चितता गर्न र विद्यमान 'सूर्योदय नगरपालिकाको सवारी तथा यातायात व्यवस्थापन ऐन, २०७६' का कतिपय प्रावधानहरू समयसापेक्ष रूपमा प्रतिस्थापन गरी नयाँ कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले;

स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ (१) ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "सूर्योदय नगरपालिकाको सवारी तथा यातायात व्यवस्थापन ऐन, २०८२" रहेको छ।

(२) यो ऐन सूर्योदय नगरपालिकाको राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:-

(क) **"ऐन"** भन्नाले सूर्योदय नगरपालिकाको सवारी तथा यातायात व्यवस्थापन ऐन, २०८२ लाई सम्झनु

(ख) **"अनुगमन समिति"** भन्नाले ऐनको दफा ५ बमोजिम गठित 'यातायात अनुगमन समिति' सम्झनु पर्दछ।

(ग) **"कार्यपालिका"** भन्नाले सूर्योदय नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ।

(घ) **"कोष"** भन्नाले यस ऐनको दफा २४ बमोजिम स्थापना गरिएको 'यातायात व्यवस्थापन कोष' सम्झनु पर्दछ।

(ङ) "**तीनपाङ्ग्रे सवारीसाधन"** भन्नाले यात्रु वा मालसामान ओसारपसार गर्ने प्रयोजनका लागि प्रयोग भएका पेट्रोल, डिजेल वा विद्युतीय शक्ति (ब्याट्री) बाट चल्ने अटो, ई-रिक्सा, टेम्पो वा सोही प्रकृतिका अन्य तीनपाङ्ग्रे सवारीसाधन सम्झनु पर्दछ।

(च) **"तोकिएको वा तोकिएबमोजिम"** भन्नाले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका वा कार्यविधिमा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्दछ।

(छ) **"नगरपालिका"** भन्नाले सूर्योदय नगरपालिका सम्झनु पर्दछ।

(ज) **"निजी सवारी"** भन्नाले भाडा लिई यात्रु वा मालसामान ओसारपसार गर्न नपाउने गरी निजी प्रयोजनका लागि मात्र दर्ता भएका रातो नम्बर प्लेट वा सोही प्रकृतिका अन्य सवारीसाधन सम्झनु पर्दछ।

(झ) **"पार्किङ स्थल"** भन्नाले सवारीसाधन रोक्न र यात्रु चढाउन वा ओराल्नका लागि नगरपालिकाले तोकिदिएको निश्चित स्थान (Stand) वा 'पिक एन्ड ड्रप' (Pick and Drop) जोन सम्झनु पर्दछ।

(ञ) **"प्रदूषण"** भन्नाले सवारीसाधनबाट निस्कने मानव स्वास्थ्य र वातावरणलाई हानि पुऱ्याउने धुवाँ, धूलो वा मापदण्ड विपरीतको चर्को ध्वनि (प्रेसर हर्न तथा ठूलो आवाजको स्पिकर) लाई सम्झनु पर्दछ।

(ट) **"भाडादर"** भन्नाले यात्रु वा मालसामान ओसारपसार गरेबापत समितिले निर्धारण गरी कार्यपालिकाले स्वीकृत गरेको रकम (शुल्क) सम्झनु पर्दछ।

(ठ) **"रुट इजाजत"** भन्नाले कुन बाटो वा क्षेत्रमा सवारी सञ्चालन गर्ने भनी समिति वा नगरपालिकाले तोकिदिएको बाटोको अनुमति वा प्रमाणपत्र (रुट पर्मिट) सम्झनु पर्दछ।

(ड) **"वडा समिति"** भन्नाले सूर्योदय नगरपालिकाका सम्बन्धित वडाको वडा समिति सम्झनु पर्दछ।

(ढ) **"समिति"** भन्नाले ऐनको दफा ३ बमोजिम गठित 'सवारी तथा यातायात व्यवस्थापन समिति' सम्झनु

(ण) **"सार्वजनिक सवारी"** भन्नाले भाडा लिई यात्रु वा मालसामान ओसारपसार गर्ने प्रयोजनका लागि दर्ता भएका सबै प्रकारका बस, जिप, ट्याक्सी, माइक्रोबस वा मालवाहक सवारीसाधन सम्झनु पर्दछ।

## परिच्छेद- २

## संस्थागत व्यवस्था

**३. सवारी तथा यातायात व्यवस्थापन समिति गठन:** (१) सूर्योदय नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने सवारीसाधनको सुव्यवस्थित सञ्चालन, रुट निर्धारण, भाडादर कायम र समग्र यातायात व्यवस्थापनका सम्बन्धमा नगर कार्यपालिकालाई नीतिगत सिफारिस गर्न देहाय बमोजिमको एक 'सवारी तथा यातायात व्यवस्थापन समिति' रहनेछ:

(क) संयोजक, सुशासन तथा संस्थागत क्षमता विकास समिति – अध्यक्ष

(ख) नगर कार्यपालिकाका सदस्यहरूमध्येबाट नगर कार्यपालिकाले तोकेका कम्तीमा दुई महिलासहित तीन जना – सदस्य

(ग) प्रमुख, इलाका प्रहरी कार्यालय, फिक्कल – सदस्य

(घ) प्रमुख, सीमा प्रशासन कार्यालय, पशुपतिनगर – सदस्य

(ङ) नगर कार्यपालिकाले तोकेको यातायात व्यवसायी सङ्घ वा प्रा.लि. को आधिकारिक प्रतिनिधि (२ जना) – सदस्य

(च) प्रमुख, प्रशासन शाखा (सूर्योदय नगरपालिका) – सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विशेषज्ञ, ट्राफिक प्रहरी प्रमुख वा अन्य सरोकारवालालाई समितिको बैठकमा आमन्त्रित सदस्यको रूपमा बोलाउन सक्नेछ।

(३) समितिको बैठक सामान्यतया त्रैमासिक रूपमा बस्नेछ। तर, आवश्यकता अनुसार अध्यक्षको निर्देशनमा सदस्य-सचिवले जहिलेसुकै बैठक बोलाउन सक्नेछ।

(४) समितिको बैठक सञ्चालन सम्बन्धी अन्य कार्यविधि समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ।

(५) समितिका पदाधिकारी तथा आमन्त्रित सदस्यहरूलाई प्रचलित कानुनबमोजिम बैठक भत्ता उपलब्ध गराइनेछ।

**४. समितिको काम, कर्तव्य र अधिकार:** दफा ३ (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) नगर क्षेत्रभित्र सञ्चालन हुने सार्वजनिक, निजी, तथा तीनपाङ्ग्रे सवारीसाधनहरूको दर्ता, सञ्चालन र नियमन सम्बन्धी नीति तय गरी नगर कार्यपालिकालाई सिफारिस गर्ने।

(ख) नगरपालिकाको भूगोल, सडकको अवस्था, जनघनत्व र सवारीसाधनको चापलाई आधार मानी सम्भावित रुटहरूको पहिचान, यकिन र बाँडफाँट गर्ने।

(ग) दूरी, सडकको अवस्था र प्रचलित कानुनलाई आधार मानी यात्रु भाडादर निर्धारण गर्ने र समय-समयमा सोको पुनरावलोकन गरी स्वीकृतिका लागि कार्यपालिकामा पेस गर्ने।

(घ) पार्किङ स्थल (Parking Stand), साझा क्षेत्र (Common Zone), र सवारी निषेधित क्षेत्र (No Entry Zone) तोक्न तथा सोको उचित व्यवस्थापन गर्न सिफारिस गर्ने।

(ङ) अनुगमन समितिले सिफारिस गरेका विषयहरूमाथि छलफल गरी गम्भीर नियम उल्लङ्घन गर्ने सवारीसाधनको दर्ता वा रुट इजाजत खारेजी गर्ने।

(च) यातायात व्यवसायी, चालक र यात्रुबीच उत्पन्न हुन सक्ने विवादहरूको समाधान गर्ने।

(छ) नगरको समग्र यातायात व्यवस्थापनलाई सुरक्षित, भरपर्दो, वातावरणमैत्री र प्रविधिमैत्री बनाउन नगर कार्यपालिकालाई आवश्यक सुझाव दिने।

५. **यातायात अनुगमन समिति गठन तथा काम, कर्तव्य र अधिकार:** (१) यस ऐन बमोजिमका व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन, नियमित नियमन तथा सुपरिवेक्षणका लागि देहाय बमोजिमको 'यातायात अनुगमन समिति' रहनेछ:

(क) प्रमुख, प्रशासन शाखा वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी – संयोजक

(ख) प्रतिनिधि, इलाका प्रहरी कार्यालय, फिक्कल – सदस्य

(ग) प्रमुख वा प्रतिनिधि, ट्राफिक प्रहरी पोस्ट, फिक्कल – सदस्य

(घ) संयोजकले तोकेको यातायात व्यवसायी सङ्घ वा प्रा.लि.को प्रतिनिधि – सदस्य

(ङ) प्रमुख, नगर प्रहरी (सूर्योदय नगरपालिका) – सदस्य-सचिव

(२) अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) नगर क्षेत्रभित्र सञ्चालित सवारीसाधनले तोकिएको रुट, भाडादर, यात्रु क्षमता र पार्किङ सम्बन्धी नियम पालना गरे/नगरेको नियमित तथा छड्के (Surprise) अनुगमन गर्ने।

(ख) सडक आवागमनमा बाधा पुऱ्याउने, जथाभावी यात्रु चढाउने/ओराल्ने र नियम उल्लङ्घन गर्ने सवारीसाधनलाई तत्काल नियन्त्रणमा लिई यसै ऐन बमोजिम जरिवाना गर्ने वा कारबाहीका लागि सिफारिस गर्ने।

(ग) सवारीसाधनमा रुट स्टिकर, भाडादरको सूची, गुनासो सुन्ने क्यु.आर. कोड (QR Code) र चालकको परिचयपत्र यात्रुले देख्ने गरी टाँसे/नटाँसेको जाँच गर्ने।

(घ) बाहिरी पालिकाबाट आएका व्यावसायिक सवारीसाधनले कानुन बमोजिमको कर (पटके लगायत) तिरे/नतिरेको र स्थानीय यात्रु ओसारपसार गरी 'लुपहोल' को प्रयोग गरे/नगरेको कडा निगरानी गर्ने।

(ङ) गम्भीर प्रकृतिको कसुर गर्ने वा पटक-पटक नियम उल्लङ्घन गर्ने सवारीको रुट इजाजत खारेजीका लागि दफा ३ बमोजिमको समिति समक्ष सिफारिस गर्ने।

(च) अनुगमनको क्रममा असुल भएको जरिवाना र कारबाहीको त्रैमासिक प्रतिवेदन तयार गरी नगर कार्यपालिकाको बैठकमा पेस गर्ने।

(३) अनुगमन समितिले अनुगमन कार्यलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार अन्य कर्मचारी वा सुरक्षाकर्मीलाई अनुगमन टोलीमा थप गर्न सक्नेछ।

(४) अनुगमनमा खटिने पदाधिकारी तथा कर्मचारीहरूले प्रचलित कानुनबमोजिम अनुगमन भत्ता तथा सुविधा पाउनेछन्।

## परिच्छेद- ३

## सवारी पञ्जीकरण, रुट र पार्किङ व्यवस्थापन

६. **सवारीसाधन दर्ता तथा सूचीकरण प्रक्रिया:** (१) सूर्योदय नगरपालिका क्षेत्रभित्र व्यावसायिक प्रयोजनका लागि यात्रु वा मालसामान ओसारपसार गर्ने तीनपाङ्ग्रे सवारीसाधन (अटो/टेम्पो)ले सञ्चालन पूर्व नगरपालिकामा अनिवार्य रूपमा पञ्जीकरण (सूचीकरण) गराउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम पञ्जीकरणका लागि सवारीधनीले यातायात व्यवस्था कार्यालयमा दर्ता भएको प्रमाणपत्र (ब्लुबुक), रुट इजाजत (भएमा), कर चुक्ता प्रमाणपत्र र नागरिकताको प्रतिलिपि सहित तोकिएको ढाँचामा सम्बन्धित वडा कार्यालय वा नगरपालिकाको तोकिएको शाखामा निवेदन दिनुपर्नेछ।

(३) प्राप्त निवेदनउपर आवश्यक जाँचबुझ गरी नगरपालिकाले तोकिएको पञ्जीकरण दस्तुर लिई त्यस्ता सवारीसाधनलाई सूचीकरण प्रमाणपत्र र सवारीसाधनमा टाँस्ने 'नगर सूचीकरण स्टिकर' प्रदान गर्नेछ।

(४) यस ऐन बमोजिम सूचीकरण नभएका कुनै पनि व्यावसायिक सवारीसाधनलाई नगर क्षेत्रभित्र नियमित रूपमा यात्रु वा मालसामान ओसारपसार गर्न दिइने छैन।

(५) उपदफा (२) बमोजिम पञ्जीकरणको लागि निवेदन पेस गर्दा तथा अभिलेख राख्दा नगरपालिकाले विकास गरेको विद्युतीय प्रणाली (Online Portal) मार्फत समेत अनलाइन दर्ता गर्न तथा विद्युतीय अभिलेख (Digital Record) राख्न सकिनेछ।

७. **रुट यकिन, बाँडफाँट र इजाजत प्रदान:** (१) दफा ३ (१) बमोजिमको व्यवस्थापन समितिले नगरको भूगोल, सडकको क्षमता, जनघनत्व र यात्रुको चापलाई विश्लेषण गरी सवारीसाधन सञ्चालन हुने सम्भावित रुटहरू यकिन गरी स्वीकृतिका लागि नगर कार्यपालिका समक्ष सिफारिस गर्नेछ।

(२) कार्यपालिकाबाट स्वीकृत रुटहरूमा सवारी सञ्चालन गर्न समितिले आवश्यकता अनुसार अनुसूची-२ को ढाँचामा सार्वजनिक सूचना प्रकाशन गरी सूचीकृत सवारीधनीहरूबाट दरखास्त आह्वान गर्न सक्नेछ।

(३) अनुसूची-३ को ढाँचामा प्राप्त नवेदनहरूको अध्ययन गरी समितिले सडकको क्षमता र आवश्यकताका आधारमा दामासाही वा अन्य उपयुक्त प्रणालीबाट सवारीसाधनलाई रुट बाँडफाँट गर्नेछ।

(४) रुट प्राप्त गर्ने सवारीधनीलाई नगरपालिकाको प्रशासन शाखाले तोकिएको दस्तुर लिई अनुसूची-४ बमोजिमको ढाँचामा 'रुट इजाजतपत्र' (रुट पर्मिट/किताब) जारी गर्नेछ।

(५) रुट इजाजत प्राप्त सवारीसाधनले प्रस्ट देखिने गरी सवारीसाधनको अगाडिको सिसामा नगरपालिकाले उपलब्ध गराएको रुट विवरण (स्टिकर) अनिवार्य टाँस्नुपर्नेछ।

८. **रुट इजाजतको अवधि र नवीकरण सम्बन्धी व्यवस्था:** (१) दफा ७ बमोजिम प्रदान गरिएको रुट इजाजत र दफा ६ बमोजिमको पञ्जीकरणको अवधि जारी भएको मितिले सोही आर्थिक वर्षको असार मसान्तसम्म मात्र कायम रहनेछ।

(२) सवारीधनीले प्रत्येक नयाँ आर्थिक वर्ष सुरु भएको पैँतीस (३५) दिनभित्र (अर्थात् साउन मसान्तभित्र) तोकिएको नवीकरण दस्तुर बुझाई आफ्नो सवारी पञ्जीकरण र रुट इजाजत अनिवार्य रूपमा नवीकरण गराउनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम तोकिएको म्यादभित्र नवीकरण नगराउने सवारीधनीले म्याद नाघेको पहिलो तीन महिनासम्म तोकिएको नवीकरण दस्तुरको पच्चीस प्रतिशत र सोभन्दा पछि नवीकरण गर्न आएमा शतप्रतिशत जरिवाना तिरी नवीकरण गराउन सक्नेछ।

(४) लगातार दुई आर्थिक वर्षसम्म पनि नवीकरण नगराउने सवारीसाधनको पञ्जीकरण र रुट इजाजत समितिले स्वतः खारेज गर्न सक्नेछ। खारेज भएको सवारीलाई पुनः दर्ता गर्दा नयाँ दर्ता सरहको प्रक्रिया पूरा गर्नुपर्नेछ।

(५) सवारीसाधनको दर्ता तथा रुट इजाजतको नवीकरण प्रक्रिया र दस्तुर भुक्तानीलाई प्रविधिमैत्री बनाउन नगरपालिकाले विद्युतीय प्रणाली वा अनलाइन भुक्तानी (Online Payment) को व्यवस्था लागू गर्न सक्नेछ।

९. **पार्किङ स्थल निर्धारण र व्यवस्थापन:** (१) व्यवस्थापन समितिको सिफारिसमा नगर कार्यपालिकाले सार्वजनिक बस, तीनपाङ्ग्रे सवारीसाधन, निजी सवारी र मालवाहक सवारीका लागि छुट्टाछुट्टै पार्किङ क्षेत्र (Dedicated Parking Stand) र यात्रु चढाउने तथा ओराल्ने 'पिक एन्ड ड्रप' (Pick and Drop) जोन निर्धारण गर्नेछ।

(२) पार्किङ क्षेत्र निर्धारण गर्दा रुटको प्रकृति, सवारीको सङ्ख्या र ट्राफिक आवागमनमा पर्ने असरलाई मुख्य आधार मानिनेछ।

(३) तोकिएको पार्किङ स्ट्यान्ड वा 'पिक एन्ड ड्रप' जोन बाहेक सडकको अन्य जुनसुकै स्थानमा जथाभावी सवारी रोक्न, यात्रु कुर्न वा यात्रु चढाउन/ओराल्न पूर्ण रूपमा निषेध गरिनेछ।

(४) नगरपालिकाले प्रत्येक पार्किङ क्षेत्रमा सम्बन्धित रुटको विवरण, पार्किङ क्षमता र सो रुटको भाडादर खुल्ने गरी स्पष्ट सूचना पाटी (Signboard) राख्ने व्यवस्था मिलाउनेछ।

(५) पार्किङ स्थलको सरसफाइ, सुरक्षा र पूर्वाधार व्यवस्थापनका लागि नगरपालिकाले आवश्यक मापदण्ड बनाई लागू गर्न वा सार्वजनिक-निजी साझेदारी (PPP) मोडलमा व्यवस्थापन गर्न सक्नेछ।

## परिच्छेद- ४

## तीनपाङ्ग्रे तथा विशिष्ट सवारीसाधन सम्बन्धी विशेष व्यवस्था

१०. **तीनपाङ्ग्रे सवारी साधनको सञ्चालन र नियमन:** (१) यस ऐनको परिच्छेद-३ मा जुनसुकै कुरा लेखिएको भए तापनि, तीनपाङ्ग्रे सवारीसाधन (अटो, ई-रिक्सा, टेम्पो) दर्ता तथा सञ्चालन अनुमतिका लागि नगरपालिकाले हरेक वर्षको साउन महिनामा अनुसूची-१ बमोजिमको ढाँचामा पन्ध्र (१५) दिने सार्वजनिक सूचना प्रकाशन गरी सम्बन्धित वडा कार्यालयमार्फत नयाँ दर्ताका निवेदनहरू सङ्कलन गर्नेछ।

(२) प्राप्त निवेदनहरूलाई वडा समितिले आफ्नो वडाको भूगोल, जनसङ्ख्या, र सडक पूर्वाधारको अवस्थालाई आधार मानी व्यवस्थापन समिति समक्ष सिफारिस गर्नुपर्नेछ।

(३) वडाबाट सिफारिस भई आएका निवेदनहरूउपर छानबिन गरी व्यवस्थापन समितिले रुट बाँडफाँटसहित अनुमति प्रदान गर्न नगर कार्यपालिकामा सिफारिस गर्नेछ र कार्यपालिकाको निर्णयबमोजिम रुट इजाजत प्रदान गरिनेछ।

(४) रुट प्राप्त गरेका तीनपाङ्ग्रे सवारीसाधनले स्पष्ट देखिने गरी अगाडिको सिसामा आफ्नो रुट विवरण अनिवार्य टाँस्नुपर्नेछ।

(५) कुनै पनि आपत्कालीन अवस्था (Emergency) मा बाहेक आफूलाई तोकिएको रुट भन्दा बाहिर गएर यात्रु ओसारपसार गर्न पाइने छैन। आपत्कालीन अवस्थामा अन्य रुटमा गएको भए तापनि गन्तव्यमा यात्रु झारेर फर्किंदा बाटोबाट स्थानीय यात्रु बोक्न पूर्ण रूपमा निषेध गरिनेछ।

**११. रातो नम्बर प्लेट (निजी प्रयोजन) का सवारीसाधन सम्बन्धी व्यवस्था:** (१) निजी प्रयोजनका लागि दर्ता भएका रातो नम्बर प्लेटका तीनपाङ्ग्रे तथा अन्य सवारीसाधनहरूले यो ऐन लागू भएको मितिले तीस (३०) दिनभित्र नगरपालिकाको सम्बन्धित शाखामा अनिवार्य रूपमा सूचीकरण गराउनुपर्नेछ।

(२) सूचीकरणका लागि सवारीधनीले आफ्नो नागरिकता र सवारी दर्ता किताब (ब्लुबुक) को प्रतिलिपि पेस गर्नुपर्नेछ।

(३) रातो नम्बर प्लेट भएका सवारीसाधनले भाडा लिई यात्रु ओसारपसार गर्न वा व्यावसायिक प्रयोजनमा प्रयोग गर्न पूर्ण रूपमा निषेध गरिएको छ।

(४) उपदफा (३) विपरीत रातो नम्बर प्लेटको सवारीले भाडामा यात्रु ओसारपसार गरेको फेला परेमा ट्राफिक प्रहरी वा अनुगमन समितिले तत्काल नियन्त्रणमा लिई यसै ऐन बमोजिम कारबाही र जरिवाना गर्नेछ।

**१२. सवारीसाधन खरिदबिक्री तथा नामसारी (हक हस्तान्तरण):** (१) नगरपालिकामा पञ्जीकरण भई रुट इजाजत प्राप्त गरेका सवारीसाधन खरिदबिक्री भई स्वामित्व हस्तान्तरण (नामसारी) गर्नुपरेमा सम्बन्धित सवारीधनीले सोको जानकारी पैँतीस (३५) दिनभित्र नगरपालिकाको प्रशासन शाखालाई लिखित रूपमा दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम रुट इजाजत नामसारी गर्दा नयाँ सवारीधनीले निवेदनका साथ खरिदबिक्रीको सम्झौता, चालक अनुमतिपत्र, नागरिकता र यातायात व्यवस्था कार्यालयबाट अद्यावधिक भएको सवारी दर्ता किताब (ब्लुबुक) पेस गर्नुपर्नेछ।

(३) रीतपूर्वक निवेदन प्राप्त भएमा नगरपालिकाले तोकिएको नामसारी दस्तुर (शुल्क) लिई नयाँ सवारीधनीको नाममा दर्ता अभिलेख र रुट इजाजत अद्यावधिक गरिदिनेछ।

(४) नगरपालिकालाई जानकारी नदिई वा रुट इजाजत नामसारी नगरी सवारीसाधन खरिदबिक्री गरी सञ्चालन गरेको पाइएमा व्यवस्थापन समितिले त्यस्तो सवारीसाधनको रुट इजाजत जहिलेसुकै खारेज गर्न सक्नेछ।

**१३. साझा क्षेत्र (Common Zone) र निषेधित क्षेत्र सम्बन्धी व्यवस्था:** (१) फिक्कल बजार क्षेत्र वा नगरपालिकाले तोकेका अन्य व्यापारिक तथा जनघनत्व बढी भएका क्षेत्रलाई सबै रुटका तीनपाङ्ग्रे सवारीसाधन प्रवेश गर्न पाउने गरी 'साझा क्षेत्र' (Common Zone) तोक्न सकिनेछ।

(२) साझा क्षेत्रभित्र प्रवेश गरेका सवारीसाधनले तोकिएको पार्किङ स्थल (Stand) वा 'पिक एन्ड ड्रप' (Pick and Drop) जोन बाहेक बजार क्षेत्रभित्र अन्यत्र जथाभावी सवारी रोक्न र यात्रु चढाउन पूर्ण रूपमा निषेध गरिनेछ।

(३) सडक सुरक्षा, ट्राफिक चाप र दुर्घटना न्यूनीकरणलाई ध्यानमा राखी व्यवस्थापन समितिको सिफारिसमा नगरपालिकाले निश्चित सडक वा बजार क्षेत्रमा निश्चित समयका लागि तीनपाङ्ग्रे वा मालवाहक सवारीसाधन प्रवेशमा रोक लगाउने गरी 'निषेधित क्षेत्र' (No Entry Zone) वा 'समय सीमा' (Time Card) तोक्न सक्नेछ। यसरी तोकिएको क्षेत्र र समयको जानकारी सार्वजनिक सूचना तथा ट्राफिक सङ्केत मार्फत गराइनेछ।

## परिच्छेद- ५

## भाडादर, यात्रु सुविधा र आचरण

**१४. भाडादर निर्धारण तथा पुनरावलोकन सम्बन्धी व्यवस्था:** (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने तीनपाङ्ग्रे सवारी साधनको यात्रु भाडादर दफा ३ बमोजिमको व्यवस्थापन समितिको सिफारिसमा नगर कार्यपालिकाले स्वीकृत गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम भाडादर निर्धारण गर्दा पार गर्नुपर्ने दूरी, सडकको अवस्था, इन्धन (पेट्रोल/डिजेल) वा विद्युतीय चार्जको लागत र सङ्घीय तथा प्रदेश सरकारले तोकेको यातायात व्यवस्थापन सम्बन्धी मापदण्डलाई मुख्य आधार मानिनेछ।

(३) तोकिएको भाडादर सामान्यतया प्रत्येक आर्थिक वर्षको सुरुवातमा पुनरावलोकन गरिनेछ। तर, इन्धनको मूल्यमा अस्वाभाविक घटबढ भई विशेष परिस्थिति सिर्जना भएमा समितिले जुनसुकै समयमा भाडादर पुनरावलोकन गरी स्वीकृतिका लागि कार्यपालिकामा पेस गर्न सक्नेछ।

(४) निर्धारण वा पुनरावलोकन गरिएको भाडादर सार्वजनिक सूचना मार्फत प्रकाशन गरिनेछ। तोकिएको भाडादरभन्दा बढी रकम असुल गर्ने सवारीधनी वा चालकलाई यसै ऐन बमोजिम कारबाही गरिनेछ।

**१५. सवारीधनी तथा चालकले पालना गर्नुपर्ने आचरण:** (१) सार्वजनिक तथा भाडाका सवारीसाधनका धनी तथा चालकले देहाय बमोजिमको आचरण अनिवार्य रूपमा पालना गर्नुपर्नेछ:

(क) यात्रुहरूसँग सधैँ नम्र, शिष्ट र सम्मानजनक व्यवहार गर्ने र कुनै पनि प्रकारको अभद्र व्यवहार वा अपशब्द प्रयोग नगर्ने।

(ख) सवारी चलाउँदा चालकले अनिवार्य रूपमा आफ्नो परिचय खुल्ने परिचयपत्र (ID Card) र तोकिएको सफा पोसाक लगाउने।

(ग) महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूलाई सम्मानजनक व्यवहार गर्दै सवारीमा चढ्न र ओर्लन आवश्यक सहयोग गर्ने।

(घ) नगरपालिकाले तोकेको भाडादरको सूची र यात्रु क्षमता (सिट सङ्ख्या) यात्रुले प्रस्ट देख्ने गरी सवारीसाधनभित्र अनिवार्य टाँस्ने।

(ङ) सवारीसाधनलाई सधैँ सफा, सुग्घर र दुर्गन्धरहित अवस्थामा राख्ने र यात्रुको कुनै सामान सवारीसाधनमा छुटेमा वा भेटिएमा सुरक्षित राखी सम्बन्धित धनी वा नजिकको प्रहरी कार्यालय/नगर प्रहरीलाई बुझाउने।

(च) आफ्नो तोकिएको रुटभित्र खाली रहेको अवस्थामा कुनै पनि यात्रुलाई गन्तव्यमा जान इन्कार नगर्ने र 'रिजर्भ'मा मात्र जाने भनी दबाब नदिने।

(छ) तोकिएको पार्किङ स्ट्यान्ड वा ट्राफिक आवागमनमा असर नपर्ने सुरक्षित स्थानमा मात्र सवारी रोकेर यात्रु चढाउने वा ओराल्ने।

(ज) दर्ता किताबमा तोकिएको सिट क्षमताभन्दा बढी यात्रु नराख्ने र चालकको सिटमा (दायाँ वा बायाँतर्फ) यात्रु राखेर सवारी नचलाउने।

(झ) सवारी चलाइरहेको समयमा सुर्तीजन्य पदार्थ, मादक पदार्थ वा लागूऔषध सेवन पूर्ण रूपमा वर्जित गर्ने।

(ञ) अनुगमन समिति, ट्राफिक प्रहरी वा नगर प्रहरीले जुनसुकै बखत चेकजाँच गर्दा आवश्यक कागजातहरू देखाई पूर्ण रूपमा सहयोग गर्ने, अवरोध नपुर्‍याउने वा अटेर गरी नभाग्ने।

**१६. यात्रुको अधिकार र गुनासो सुन्ने प्रविधिमैत्री अनलाइन प्रणाली:** (१) यात्रुले सुरक्षित, भरपर्दो र तोकिएको भाडादरमा मर्यादित यात्रा गर्न पाउने अधिकार सुनिश्चित गरिनेछ।

(२) नगरपालिकाले सवारीसाधनको दर्ता, नवीकरण, रुट इजाजत विवरण र जरिवानाको अभिलेख (Record) व्यवस्थित तथा पारदर्शी बनाउन प्रविधिमैत्री 'अनलाइन प्रणाली' (Online System) वा सफ्टवेयरको विकास गरी प्रयोगमा ल्याउनेछ।

(३) यात्रुहरूले यात्रा गर्दा भोगेका समस्या, चालकको दुर्व्यवहार वा नियम उल्लङ्घनका विषयमा तत्काल नगरपालिकालाई जानकारी गराउन सक्ने गरी एक प्रभावकारी 'अनलाइन गुनासो प्रणाली' को विकास गरिनेछ।

(४) उपदफा (३) को प्रयोजनका लागि नगरपालिकाले प्रत्येक सवारीसाधनभित्र यात्रुले प्रस्ट देख्ने र सजिलै स्मार्टफोनबाट स्क्यान गर्न सक्ने गरी 'गुनासो सुन्ने क्यु.आर. कोड' (QR Code), अनलाइन पोर्टल वा टोल-फ्री (Toll-Free) नम्बरको स्टिकर अनिवार्य रूपमा टाँस्ने व्यवस्था मिलाउनेछ।

(५) कुनै यात्रुले अनलाइन प्रणाली वा क्यु.आर. कोड मार्फत चालकले बढी भाडा लिएको, अभद्र व्यवहार गरेको, क्षमताभन्दा बढी यात्रु बोकेको वा अन्य कुनै नियम उल्लङ्घन गरेको भनी प्रमाण (फोटो, भिडियो, अडियो वा सवारी नम्बर) सहित गुनासो दर्ता गरेमा, अनुगमन समिति वा नगर प्रहरीले त्यस्तो सवारीसाधन र चालकलाई तत्काल कार्यालयमा झिकाई यसै ऐन बमोजिम आवश्यक जरिबाना वा कारबाही गर्नेछ।

(६) झुटो वा कसैलाई दुःख दिने नियतले आधारहीन गुनासो गर्ने व्यक्तिलाई भने प्रचलित कानुन बमोजिम आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइनेछ।

## परिच्छेद- ६

## ट्राफिक सुरक्षा र वातावरण संरक्षण

**१७. सवारीसाधनको प्रदूषण र ध्वनि नियन्त्रण:** (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने कुनै पनि सवारीसाधनबाट तोकिएको मापदण्ड विपरीत अत्यधिक धुवाँ निस्कने, इन्जिनको ठूलो आवाज आउने वा वातावरण तथा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सवारी सञ्चालन गर्न पूर्ण रूपमा निषेध गरिएको छ।

(२) ध्वनि प्रदूषण नियन्त्रणका लागि सवारीसाधनमा प्रेसर हर्न (Pressure Horn) वा ठूलो आवाज आउने स्पिकर जडान गर्न र अस्पताल, विद्यालय, कार्यालय क्षेत्र वा निषेधित क्षेत्रमा जथाभावी हर्न बजाउन पाइने छैन।

(३) यातायात क्षेत्रबाट हुने कार्बन उत्सर्जन घटाउन नगरपालिकाले विद्युतीय (ई-रिक्सा लगायत ब्याट्रीबाट चल्ने) सवारीसाधनको प्रयोगलाई विशेष प्रोत्साहन गर्नेछ।

(४) पुराना, जीर्ण भई अत्यधिक प्रदूषण बढाउने सवारीसाधनलाई दफा ३ (१) बमोजिमको व्यवस्थापन समितिको सिफारिसमा नगर कार्यपालिकाले सञ्चालनमा रोक लगाउन वा विस्थापन गर्न सक्नेछ।

(५) उपदफा (१) र (२) विपरीत प्रदूषण गर्ने सवारीसाधनलाई अनुगमन समिति, नगर प्रहरी वा ट्राफिक प्रहरीले नियन्त्रणमा लिई तत्काल मर्मत/सुधार गर्न लगाउने र यसै ऐन बमोजिम जरिवाना गर्नेछ।

**१८. सडक सुरक्षा, दुर्घटना न्यूनीकरण र प्राथमिक उपचार सामग्री:** (१) सडक सुरक्षा र दुर्घटना न्यूनीकरणका लागि प्रत्येक सवारीधनी वा चालकले आफ्नो सवारीसाधनको ब्रेक, हेडलाइट, टेललाइट, इन्डिकेटर, वाइपर र टायर जस्ता सुरक्षासँग सम्बन्धित प्राविधिक उपकरणहरू सधैँ चालु र दुरुस्त अवस्थामा राख्नुपर्नेछ।

(२) व्यावसायिक तथा भाडामा चल्ने प्रत्येक सार्वजनिक सवारीसाधन र तीनपाङ्ग्रे सवारीभित्र आपत्कालीन अवस्थामा यात्रु वा चालकको उपचारका लागि आवश्यक औषधीसहितको **'प्राथमिक उपचार सामग्री' (First Aid Kit)** अनिवार्य रूपमा राखेको हुनुपर्नेछ।

(३) सवारीसाधनभित्रको सरसफाइ कायम राख्न र यात्रुलाई जथाभावी फोहोर फाल्नबाट रोक्न प्रत्येक सवारीसाधनमा अनिवार्य रूपमा **'डस्टबिन' (Dustbin)** वा फोहोर सङ्कलन गर्ने थैलो राख्नुपर्नेछ।

(४) सवारीसाधन भित्रबाट यात्रु वा चालकले सडकमा प्लास्टिक, बोतल, गुट्खाको खोल वा अन्य कुनै पनि प्रकारको फोहोर फाल्न पूर्ण रूपमा निषेध गरिएको छ।

(५) सडक सुरक्षालाई दृष्टिगत गर्दै दर्ता किताबमा तोकिएको क्षमताभन्दा बढी यात्रु राख्ने, गाडीको छतमा यात्रु बसाल्ने, वा यात्रुवाहक सवारीमा यात्रुलाई असहज हुने गरी ठूला व्यावसायिक मालसामान, जोखिमपूर्ण वस्तु वा पशुचौपाया ढुवानी गर्न पाइने छैन।

## परिच्छेद- ७

## कसुर, सजाय र पुनरावेदन

**१९. कसुर मानिने कार्यहरू:** (१) कुनै पनि सवारीधनी, चालक वा सम्बद्ध व्यक्तिले देहायका कुनै कार्य गरेमा यस ऐन बमोजिम कसुर गरेको मानिनेछः

(क) नगरपालिकामा पञ्जीकरण (दर्ता/सूचीकरण) नगरी व्यावसायिक वा तीनपाङ्ग्रे सवारीसाधन सञ्चालन गर्नु।

(ख) आफूलाई प्रदान गरिएको रुट (बाटो/क्षेत्र) भन्दा बाहिर गएर यात्रु ओसारपसार गर्नु।

(ग) नगरपालिकाले तोकेको भन्दा बढी भाडा यात्रुबाट असुल गर्नु।

(घ) दर्ता किताबमा तोकिएको क्षमता भन्दा बढी यात्रु बोक्नु वा मालसामान ढुवानी गर्नु।

(ङ) बाहिरी पालिकाबाट आएका व्यावसायिक सवारीले पटके वा तोकिएको कर नतिरी नगर क्षेत्रभित्र प्रवेश गर्नु (तर इन्धन भर्ने प्रयोजनका लागि नजिकको पम्पसम्म आएर फर्कने उद्धेश्य पुष्टि भएको खण्डमा यसलाई कसुर मानिने छैन)।

(च) पटके कर तिरेको भए तापनि बाहिरी पालिकाबाट आएका सवारीसाधनले सूर्योदय नगरपालिकाभित्रका स्थानीय यात्रु ओसारपसार गर्नु।

(छ) बाहिरी पालिकाबाट आएका सवारीसाधनले नगर क्षेत्रभित्रका कुनै पनि पार्किङ स्थलमा लाइन बस्नु वा यात्रु कुर्नु।

(ज) तोकिएको पार्किङ स्थल (Stand) वा पिक एन्ड ड्रप जोन बाहेक अन्य स्थानमा जथाभावी पार्किङ गर्नु।

(झ) रातो नम्बर प्लेट भएका (निजी प्रयोजनका) सवारीले भाडा लिई यात्रु ओसारपसार गर्नु।

(ञ) सवारीसाधन चलाउँदा साथमा अनिवार्य हुनुपर्ने कागजातहरू (सवारी चालक अनुमतिपत्र, ब्लुबुक, रुट पर्मिट, परिचयपत्र, र नवीकरण रसिद) नबोक्नु।

(ट) यस ऐनको दफा १८ बमोजिम सवारीसाधनमा अनिवार्य हुनुपर्ने 'प्राथमिक उपचार सामग्री' (First Aid Kit) र 'डस्टबिन' नराख्नु।

**२०. जरिवाना तथा सजाय:** (१) अनुगमन समिति, खटिएका कर्मचारी, नगर प्रहरी वा ट्राफिक प्रहरीले अनुगमन तथा चेकजाँच गर्दा दफा १९ बमोजिमको कसुर गरेको पाइएमा तत्काल स्थलगत रसिद काटी देहाय बमोजिम जरिवाना गर्न सक्नेछः

(क) दर्ता नगरी सवारीसाधन सञ्चालन गरेमा पहिलो पटक रु. १,०००/-, दोस्रो पटक रु. १,५००/- र तेस्रो पटक वा सो भन्दा बढी चलाएको पाइएमा पटकैपिच्छे रु. २,०००/-।

(ख) तोकिएको रुट भन्दा बाहिर गएर यात्रु ओसारपसार गरेमा पटकैपिच्छे रु. ५००/-।

(ग) तोकेको भन्दा बढी भाडा लिएमा रु. २,०००/-।

(घ) तोकिएको क्षमता भन्दा बढी यात्रु बोकेमा रु. १,०००/-।

(ङ) बाहिरी पालिकाको सवारीले पटके कर नतिरी प्रवेश गरेमा पहिलो पटक रु. १,०००/- र पुनः दोहोर्‍याएमा पटकैपिच्छे रु. २,०००/-।

(च) बाहिरी पालिकाको सवारीले स्थानीय यात्रु ओसारपसार गरेमा पटकैपिच्छे रु. २,०००/-।

(छ) बाहिरी पालिकाको सवारी पार्किङ स्थलमा लाइन बसेमा वा यात्रु कुरेमा पटकैपिच्छे रु. ५००/-।

(ज) जथाभावी पार्किङ गरेमा पहिलो पटक रु. ५००/-, दोस्रो पटक रु. १,०००/- र तेस्रो पटक वा सो भन्दा बढी भए पटकैपिच्छे रु. १,५००/- जरिवानाका साथै सवारीसाधनमा 'ह्विल लक' (Wheel Lock) समेत गरिनेछ।

(झ) रातो नम्बर प्लेटले भाडामा यात्रु बोकेमा पटकैपिच्छे रु. १,०००/-।

(ञ) आवश्यक कागजात नबोकेमा रु. ५००/-।

(ट) मापदण्ड विपरीत प्रदूषण गर्ने वा प्रेसर हर्न जडान गरेमा पहिलो पटक रु. ५००/- र दोस्रो पटकदेखि पटकैपिच्छे रु. १,०००/- जरिवाना गरी तत्काल मर्मत गर्न लगाइनेछ।

(ठ) सवारीसाधनमा 'प्राथमिक उपचार सामग्री' (First Aid Kit) र 'डस्टबिन' नराखेको पाइएमा रु. ५००/-।

(२) उपदफा (१) बमोजिम गरिने जरिवानाको अभिलेख अनुसूची-५ बमोजिमको ढाँचामा पारदर्शी रूपमा राख्नुपर्नेछ।

**२१. दर्ता तथा रुट इजाजत खारेजी सम्बन्धी व्यवस्था:** (१) नगरपालिकामा सूचीकृत भई सञ्चालनमा रहेका सवारीसाधनहरूको हकमा व्यवस्थापन समितिले देहायको अवस्थामा दर्ता तथा रुट खारेज गर्न सक्नेछः

(क) लगातार दुई आर्थिक वर्षसम्म सवारीसाधन नवीकरण नगरेमा वा तोकिएको कर/दस्तुर नबुझाएमा।

(ख) यस ऐन बमोजिम तोकिएको कसुर तीन पटकभन्दा बढी दोहोऱ्याएको पाइएमा वा गरिएको जरिवाना तिर्न अटेर गरेमा।

(ग) सवारीसाधनलाई गैरकानुनी, आपराधिक वा चोरी-निकासी (Smuggling) जस्ता क्रियाकलापमा प्रयोग गरेको प्रहरी प्रतिवेदनबाट प्रमाणित भएमा।

(घ) नगरपालिकाको पूर्व स्वीकृति बिना सवारीसाधन वा रुट इजाजत अन्य व्यक्तिलाई बिक्री वा हक हस्तान्तरण गरेमा।

(ङ) नक्कली कागजात पेस गरी रुट इजाजत लिएको पाइएमा।

(च) चालक वा सवारीधनीले यात्रुमाथि गम्भीर अभद्र व्यवहार, हातपात वा यौनजन्य दुर्व्यवहार गरेको प्रमाणित भएमा।

(छ) मादक पदार्थ वा लागूऔषध सेवन गरी पटक-पटक सवारी चलाएको ट्राफिक प्रहरीको अभिलेखबाट देखिएमा।

(ज) सवारीधनी स्वयम्ले रुट खारेजीका लागि लिखित निवेदन दिएमा।

(२) उपदफा (१) को खण्ड (ज) बाहेक अन्य अवस्थामा दर्ता खारेज गर्नुअघि सम्बन्धित सवारीधनीलाई आफ्नो सफाई पेस गर्न कम्तीमा सात (७) दिनको म्याद दिइनेछ।

(३) उपदफा (१) को खण्ड (ग), (च) र (छ) बमोजिमको गम्भीर कसुरमा दर्ता खारेज भएको हकमा त्यस्तो चालक वा सवारीधनीलाई कालोसूचीमा राखी यस नगर क्षेत्रभित्र पुनः सवारी सञ्चालन गर्न सधैँका लागि पूर्ण रूपमा

रोक लगाइनेछ। अन्य साधारण अवस्थामा खारेजीमा परेकालाई कम्तीमा तीन (३) वर्षसम्म नयाँ इजाजत दिइने छैन।

**२२. सवारीसाधन नियन्त्रणमा लिन सक्ने:** (१) दफा २० बमोजिम स्थलगत जरिवाना असुल गर्न सम्भव नभएमा, कसुरदारले अटेर गरी भाग्न खोजेमा, वा सवारीसाधनले गम्भीर दुर्घटना तथा प्रदूषण गराएमा अनुगमन समिति, नगर प्रहरी वा ट्राफिक प्रहरीले त्यस्तो सवारीसाधनलाई तत्काल नियन्त्रणमा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियन्त्रणमा लिइएको सवारीसाधन सम्बन्धित सवारीधनी वा चालकले कार्यालयमा उपस्थित भई तोकिएको जरिवाना रकम भुक्तानी गरेपश्चात् वा आवश्यक कानुनी प्रक्रिया पूरा गरेपछि मात्र फिर्ता गरिनेछ।

**२३. पुनरावेदन लाग्ने:** (१) यस ऐन बमोजिम अनुगमन समिति, खटिएका कर्मचारी, नगर प्रहरी वा ट्राफिक प्रहरीले गरेको कारबाही वा तोकेको जरिवानाउपर चित्त नबुझ्ने सवारीधनी वा चालकले त्यस्तो कारबाही वा जरिवाना भएको मितिले पैँतीस (३५) दिनभित्र सूर्योदय नगरपालिकाको **प्रमुख प्रशासकीय अधिकृत** (वा न्यायिक समिति) समक्ष आवश्यक प्रमाणसहित पुनरावेदन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएको पुनरावेदनउपर आवश्यक जाँचबुझ तथा सुनुवाइ गरी प्रमुख प्रशासकीय अधिकृतले गरेको निर्णय अन्तिम हुनेछ।

## परिच्छेद- ८
## विविध

**२४. यातायात व्यवस्थापन कोषको स्थापना र सञ्चालन:** (१) यस ऐन बमोजिम प्राप्त हुने पञ्जीकरण दस्तुर, नवीकरण शुल्क, रुट इजाजत दस्तुर र अनुगमन तथा कारबाहीबाट असुल भएको जरिवाना बापतको सम्पूर्ण रकम जम्मा गर्न सूर्योदय नगरपालिकामा एक छुट्टै 'यातायात व्यवस्थापन कोष' स्थापना गरिनेछ।

(२) उपदफा (१) बमोजिम कोषमा जम्मा भएको रकमलाई यातायात व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी र सुरक्षित बनाउन नगर कार्यपालिकाको निर्णयानुसार देहायका कार्यहरूमा मात्र खर्च गरिनेछः

(क) तीनपाङ्ग्रे तथा अन्य सवारीसाधनको पार्किङ स्थल व्यवस्थापन, पूर्वाधार निर्माण र सडक सुरक्षाका कार्यहरू गर्न।

(ख) सडकमा आवश्यक पर्ने ट्राफिक सङ्केत (Signboards), सूचना पाटी निर्माण र प्रविधिमैत्री यातायात प्रणाली (सफ्टवेयर, अनलाइन गुनासो प्रणाली) को विकास तथा सञ्चालन गर्न।

(ग) अनुगमन तथा चेकजाँचमा खटिने नगर प्रहरी, ट्राफिक प्रहरी र कर्मचारीहरूलाई प्रचलित कानुन बमोजिम प्रोत्साहन भत्ता (Incentive) र खाजा/खाना खर्च उपलब्ध गराउन।

(घ) सवारी चालक, सवारीधनी र सर्वसाधारण यात्रुहरूका लागि ट्राफिक नियम, सडक सुरक्षा र आचरण सम्बन्धी जनचेतनामूलक र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न।

(ङ) यस ऐनको कार्यान्वयनका लागि आवश्यक पर्ने रुट स्टिकर, परिचयपत्र, जरिवाना रसिद छपाइ र यातायात व्यवस्थापनसँग सम्बन्धित अन्य अत्यावश्यक कार्य गर्न।

(३) यस कोषको सञ्चालन, व्यवस्थापन र लेखापरीक्षण नगरपालिकाको प्रचलित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानुन बमोजिम हुनेछ।

**२५. नियम, कार्यविधि तथा निर्देशिका वा मापदण्ड बनाउने अधिकार:** यस ऐनको उद्देश्य पूरा गर्न र ऐन कार्यान्वयनलाई थप प्रभावकारी बनाउन नगर कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

**२६. बाधा अड्काउ फुकाउने:** (१) यो ऐनको कार्यान्वयन गर्ने सिलसिलामा कुनै व्यावहारिक वा कानुनी बाधा अड्काउ परेमा सो बाधा अड्काउ फुकाउन नगर कार्यपालिकाले आवश्यक निर्णय गरी आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले जारी गरेको आदेश र निर्णयको जानकारी लगत्तै बस्ने नगर सभाको बैठकमा अनुमोदनका लागि पेस गर्नुपर्नेछ।

**२७. खारेजी तथा बचाउ:** (१) 'सूर्योदय नगरपालिकाको सवारी तथा यातायात व्यवस्थापन ऐन, २०७६' खारेज गरिएको छ।

(२) सूर्योदय नगरपालिकाको सवारी तथा यातायात व्यवस्थापन ऐन, २०७६ बमोजिम भए गरेका सम्पूर्ण काम कारबाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(३) यो ऐन प्रारम्भ हुनुअघि साविकको ऐन वा नियमानुसार नगरपालिकामा दर्ता वा सूचीकृत भई सञ्चालनमा रहेका तीनपाङ्ग्रे सवारीसाधनहरू यसै ऐन बमोजिम स्वतः दर्ता (सूचीकृत) भएको मानिनेछ। त्यस्ता सवारीसाधनले पुनः नयाँ दर्ता प्रक्रिया पूरा गर्नुपर्ने छैन,

*तर यस ऐनको दफा ८ बमोजिम तोकिएको समयमा आफ्नो दर्ता तथा रुट इजाजत अनिवार्य रूपमा नवीकरण भने गराउनु पर्नेछ।*

**अनुसूची - १**

*(दफा ६ र १० सँग सम्बन्धित)*

**नयाँ सवारीसाधन दर्ता/सूचीकरणका लागि सार्वजनिक सूचनाको ढाँचा !**

(सूचना प्रकाशित मिति: ....../......./.......)

सूर्योदय नगरपालिका क्षेत्रभित्र सर्वसाधारणको आवागमनलाई सहज, सुरक्षित र व्यवस्थित बनाउन "सूर्योदय नगरपालिकाको सवारी तथा यातायात व्यवस्थापन ऐन, २०८२" को दफा ६ र १० बमोजिम नयाँ व्यावसायिक तथा तीनपाङ्ग्रे सवारीसाधन दर्ता (सूचीकरण) गरी सञ्चालन अनुमति प्रदान गर्न यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

इच्छुक व्यक्तिले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवश्यक कागजातहरू संलग्न गरी आफूले सवारीसाधन सञ्चालन गर्न चाहेको वा आफ्नो स्थायी ठेगाना रहेको सम्बन्धित वडा कार्यालय वा नगरपालिकाको प्रशासन शाखामा निवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

**निवेदनसाथ पेस गर्नुपर्ने आवश्यक कागजातहरू:**

१. तोकिएको ढाँचामा भरिएको निवेदन फारम।

२. निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

३. सवारीसाधन खरिद गरिसकेको भए सवारी दर्ता किताब (ब्लुबुक) को प्रतिलिपि (खरिद नगरेको भए आवश्यक छैन)।

४. सवारी चालकको सवारी चालक अनुमतिपत्र (Driving License) को प्रतिलिपि।

**निवेदन बुझाउने स्थान र म्याद:**

- **स्थान:** सम्बन्धित वडा कार्यालय, सूर्योदय नगरपालिका (वडा नं. १ देखि १४ सम्म) वा नगरपालिकाको अनलाइन पोर्टल।
- **अन्तिम मिति:** २०८२ साल ............ महिना .......... गते कार्यालय समयभित्र।

*(नोट: म्याद नाघी आएका वा रीत नपुगेका निवेदनउपर कुनै कारबाही हुने छैन। प्राप्त निवेदनहरूलाई भूगोल, जनघनत्व र सडक पूर्वाधारको आधारमा व्यवस्थापन समितिले अन्तिम निर्णय गर्नेछ।)*

---

**अनुसूची - २**

*(दफा ७ सँग सम्बन्धित)*

**रुट यकिन तथा बाँडफाँटका लागि निवेदन आह्वानको सार्वजनिक सूचना !**

(सूचना प्रकाशित मिति: ...../......./.......)

सूर्योदय नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका र नयाँ दर्ता भएका सार्वजनिक तथा तीनपाङ्ग्रे सवारीसाधनहरुको व्यवस्थापन गर्न "सूर्योदय नगरपालिकाको सवारी तथा यातायात व्यवस्थापन ऐन, २०८२" को दफा ७ बमोजिम रुट यकिन तथा बाँडफाँट गर्नुपर्ने भएकोले यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

यो ऐन जारी हुँदाका बखतसम्म दर्ता भई सञ्चालनमा रहेका र नयाँ दर्ताका लागि अनुमति प्राप्त गरेका सम्पूर्ण सवारीधनीहरुले आफूलाई आवश्यक पर्ने रुट (बाटो) उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र अनुसूची-३ बमोजिमको ढाँचामा समिति समक्ष निवेदन पेस गर्नुहुन अनुरोध छ।

**निवेदनसाथ पेस गर्नुपर्ने आवश्यक कागजातहरू:**

१. अनुसूची-३ बमोजिमको ढाँचामा भरिएको रुट मागको निवेदन फारम।

२. सवारीसाधनको दर्ता किताब (ब्लुबुक) वा नगरपालिका/वडामा दर्ता भएको निस्साको प्रतिलिपि।

३. सवारीधनीको नागरिकता र चालकको सवारी चालक अनुमतिपत्र (Driving License) को प्रतिलिपि।

**निवेदन बुझाउने स्थान र म्याद:**

- **स्थान:** प्रशासन शाखा, सूर्योदय नगरपालिकाको कार्यालय।
- **अन्तिम मिति:** २०८२ साल ............. महिना ........... गते कार्यालय समयभित्र।

*(नोट: तोकिएको समयभित्र निवेदन पेस नगर्ने सवारीसाधनको हकमा समिति आफैँले निर्णय गरी रुट उपलब्ध गराउन सक्नेछ।)*

---

**अनुसूची - ३**

*(दफा ७ सँग सम्बन्धित)*

**रुट यकिन तथा बाँडफाँटका लागि दिइने निवेदनको ढाँचा**

**श्रीमान् संयोजक ज्यू,**

सवारी तथा यातायात व्यवस्थापन समिति, सूर्योदय नगरपालिकाको कार्यालय, फिक्कल, इलाम।

**विषय: सवारीसाधनको रुट उपलब्ध गराइदिने सम्बन्धमा।**

महोदय,

उपरोक्त सम्बन्धमा, यस सूर्योदय नगरपालिका क्षेत्रभित्र सञ्चालन गर्न मेरो नाममा दर्ता भएको देहाय बमोजिमको सवारीसाधनको लागि "सवारी तथा यातायात व्यवस्थापन ऐन, २०८२" को दफा ७ बमोजिम देहायको रुट (बाटो) मा सञ्चालन गर्न रुट इजाजत उपलब्ध गराइदिनुहुन यो निवेदन पेस गरेको छु। यस ऐन र नगरपालिकाको नियमको पूर्ण रूपमा पालना गरी सवारी चलाउनेछु भनी मञ्जुर गर्दछु।

**१. सवारीधनीको विवरण:**

(क) नाम/थर: ....................................................................

(ख) ठेगाना: सूर्योदय नगरपालिका, वडा नं. ........ टोल: ..............................

(ग) सम्पर्क मोबाइल नं.: .....................................................

**२. सवारीसाधनको विवरण:**

(क) सवारीसाधनको प्रकार (बस/जिप/अटो/टेम्पो): .......................................

(ख) सवारी दर्ता (नम्बर प्लेट) नं.: .......................................

(ग) च्यासिस (Chassis) नं.: .......................................

(घ) इन्जिन (Engine) नं.: .......................................

**३. माग गरिएको रुटको विवरण (प्राथमिकता क्रम अनुसार):**

(क) पहिलो प्राथमिकताको रुट: ..........................................................................

(ख) दोस्रो प्राथमिकताको रुट: ..........................................................................

**निवेदकको दस्तखत:** ...........................

**नाम:** ...........................

**मिति:** ...........................

---

**अनुसूची - ४**

*(दफा ७ सँग सम्बन्धित)*

**सवारीसाधन रुट इजाजत पत्र (रुट किताब/पर्मिट) को ढाँचा**

*(बाहिरी आवरण/Cover Page)*

**सूर्योदय नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

फिक्कल, इलाम, कोशी प्रदेश

**सवारीसाधन रुट इजाजत पत्र (रुट किताब)**

**रुट इजाजत नं.:** ......................

**जारी मिति:** २०८२/......./.......

**बहाल रहने अवधि:** २०८.../......./....... सम्म (प्रत्येक आर्थिक वर्षमा नवीकरण गर्नुपर्ने)

*(भित्री पृष्ठ/Inner Page)*

**१. सवारीधनीको विवरण:**

(क) नाम/थर: .......................................................... (ख) ठेगाना: ..............................

(ग) सम्पर्क नम्बर: .............................................

**२. सवारीसाधनको विवरण:**

(क) सवारी दर्ता नं.: ................... (ख) सवारीको प्रकार: ........

(ग) च्यासिस नं.: ........................... (घ) इन्जिन नं.: ..........................

**३. स्वीकृत रुट (बाटो) को विवरण:**

यस सवारीसाधनलाई देहायको रुटमा मात्र यात्रु ओसारपसार गर्न अनुमति प्रदान गरिएको छः

**स्वीकृत रुट:** [

.............................................................................................................................. ]

**४. रुट किताब नवीकरण विवरण:**

| आर्थिक वर्ष | नवीकरण गरेको मिति | रसिद नं. | नवीकरण गर्ने अधिकारीको दस्तखत र छाप |
|---|---|---|---|

**५. पालना गर्नुपर्ने मुख्य सर्तहरू:**

(क) यो रुट किताब सवारी चलाउँदा अनिवार्य रूपमा साथमा राख्नुपर्नेछ।

(ख) तोकिएको रुट भन्दा बाहिर गएर यात्रु ओसारपसार गर्न पाइने छैन।

(ग) सवारीसाधन खरिदबिक्री भएमा नगरपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ।

(घ) सवारीसाधनमा अनिवार्य रूपमा 'फर्स्ट एड किट' र 'डस्टबिन' राख्नुपर्नेछ।

**अधिकारप्राप्त अधिकारीको दस्तखत:** ..........................................

**नाम र पद:** ..............................................................................

**कार्यालयको छाप:**

**अनुसूची - ५**

*(दफा २० सँग सम्बन्धित)*

**सवारीसाधन कारबाही तथा जरिवाना अभिलेख (रजिस्टरको ढाँचा)**

**शाखाको नाम: ....................................................**

**आर्थिक वर्ष: .......................**

| सि.नं. | मिति र समय | सवारी दर्ता (नम्बर र प्लेट) नं. | चालक वा सवारीधनीको नाम र सम्पर्क नं. | कसुरको विवरण (दफा १९ बमोजिम) | जरिवाना रकम (रु.) | रसिद नं. | कारबाही गर्ने कर्मचारी/प्रहरीको नाम र दस्तखत | कैफियत (ह्विललक/कागजात नियन्त्रण आदि) |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |

*(नोट: यस अभिलेखको आधारमा अनुगमन समितिले त्रैमासिक रूपमा नगर कार्यपालिकाको बैठकमा प्रतिवेदन पेस गर्नुपर्नेछ।)*